# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, चैत्र १२ गते, २०७६ साल (अतिरिक्ताङ्क ६०

## भाग २

### प्रदेश सरकार

### भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६।१२।०४ मा स्वीकृत भएको "सहकारी नियमावली, २०७६" सर्व साधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**प्रदेश नं. ५ सहकारी नियमावली, २०७६**

प्रदेश नं. ५ सहकारी ऐन, २०७६ को दफा १०६ ले दिएको अधिकारको प्रयोग गरी प्रदेश सरकारले देहायको नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "प्रदेश नं. ५ सहकारी नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा :-

(क) "**ऐन**" भन्नाले प्रदेश नं. ५, सहकारी ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "**कर्जा**" भन्नाले चलअचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, ब्याज र हर्जाना रकम सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले सहकारी विषय हेर्ने प्रदेश मन्त्रालय सम्झनु पर्छ।

(घ) "**बोर्ड**" भन्नाले ऐनको दफा ८८ बमोजिमको प्रदेश स्तरमा गठन हुने सहकारी विकास बोर्ड सम्झनु पर्छ।

(ङ) "**विशिष्टिकृत सहकारी संघ**" भन्नाले ऐनको दफा ८ बमोजिम गठन हुने विशिष्टिकृत सहकारी संघ सम्झनु पर्छ।

(च) "**व्यवस्थापक**" भन्नाले सहकारी संस्था वा संघको व्यवस्थापक सम्झनु पर्छ र सो शब्दले प्रबन्धक वा कार्यकारी निर्देशक वा प्रमुख कार्यकारी अधिकृत समेतलाई जनाउँछ।

(छ) "**संस्थागत पूँजी**" भन्नाले संस्था वा संघको पछिल्लो आर्थिक वर्षको जगेडा कोष, घरजग्गा कोष, सहकारी वा संस्था विकास कोष, घाटा पूर्ती कोष एवम् अन्य कोषको रकम समेतलाई सम्झनु पर्छ।

(ज) "**सहुलियत कर्जा लगानी कोष**" भन्नाले संस्था वा संघले आफ्ना सदस्यहरुलाई सहुलियत पूर्ण ऋण उपलब्ध गराउन नियम २१ को उपनियम (४) बमोजिमको कोष सम्झनु पर्छ ।

## परिच्छेद-२
## संस्थाको गठन, दर्ता तथा संचालन

३. **संस्था वा संघ दर्ताको दरखास्तको ढाँचा र पेश गर्नुपर्ने विवरण** : (१) ऐनको दफा ११ को उपदफा (१) बमोजिम दर्ता अधिकारी समक्ष संस्था वा संघ दर्ता गर्नका लागि ऐनको अनुसूची-१ को ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम संस्था वा संघ दर्ताका लागि दरखास्त दिंदा ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिमको प्रतिवेदन अनुसूची-१ को ढाँचामा र खण्ड (ग) बमोजिमको विवरण अनुसूची-२ को ढाँचामा दरखास्तसाथ संलग्न गरी पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिँदा ऐनको दफा ११ को उपदफा (२) मा उल्लिखित कागजातका अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नु पर्नेछ :-

(क) प्रारम्भिक भेलाका निर्णयहरू,

(ख) अनुसूची-३ को ढाँचामा व्यावसायिक कार्ययोजना,

(ग) अनुसूची-४ को ढाँचामा सदस्यबाट शेयर पूँजी तथा प्रवेश शुल्क बापत सङ्कलित रकमको भरपाई,

(घ) अनुसूची-५ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण,

(ङ) अनुसूची-६ को ढाँचामा स्व-घोषणापत्र,

(च) अनुसूची-७ को ढाँचामा अधिकार प्रत्यायोजन-पत्र,

(छ) आवेदकहरूको नेपाली नागरिकता प्रमाण-पत्र वा राष्ट्रिय परिचय-पत्रको प्रतिलिपि,

(ज) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याइँ हुने प्रमाण,

(झ) आवेदकहरू प्रत्येकले संस्थाको कार्ययोजना बमोजिमको सेवा उपयोग गर्ने आधार।

(४) उपनियम (१) बमोजिम संघ दर्ता गर्नको लागि दरखास्त दिँदा दरखास्तसाथ देहायका कागजात तथा विवरण संलग्न गर्नु पर्नेछ :-

(क) उपनियम (३) को खण्ड (क), (ख), (घ) र (च) मा उल्लिखित कागजात,

(ख) शेयर पूँजी तथा प्रवेश शुल्कबापत सदस्यहरूबाट सङ्कलित रकम बैङ्क वा वित्तीय संस्था सम्बन्धी

प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैङ्कबाट ईजाजत प्राप्त बैङ्कमा खाता खोली रकम जम्मा गरेको बैङ्क भौचर,

(ग) अनुसूची-८ बमोजिम आवेदक संस्था वा संघको विवरण।

(५) उपनियम (१) बमोजिम विशिष्टीकृत संघ दर्ता गर्नको लागि दरखास्त दिँदा देहायका विवरण संलग्न गर्नु पर्नेछ :-

(क) अनुसूची-९ को ढाँचामा आवेदक संस्थाको विषय, सदस्य सङ्ख्या, शेयर पूँजी, संस्थागत पूँजी र कारोबार खुल्ने विवरण,

(ख) उपनियम (२) र उपनियम (३) को खण्ड (क), (ख), (घ), (च) र उपनियम (४) को खण्ड (ख) मा उल्लिखित कागजात।

४. **विशिष्टिकृत सहकारी संघ गठनको शर्त तथा सोको सञ्चालन** : (१) विशिष्टिकृत सहकारी संघ गठन गर्दा देहायका शर्त बन्देजहरू पूरा भएको हुनु पर्नेछ :-

(क) तराईको जिल्लाको हकमा आवेदक संस्थाहरूको संयुक्त शेयर पूँजी कम्तीमा एक करोड रुपैयाँ हुनु पर्नेछ र पहाडी जिल्लाको हकमा पैंतिस लाख रुपैयाँ हुनुपर्ने,

(ख) तराईको जिल्लाको हकमा आवेदक संस्थाहरूको संयुक्त संस्थागत पूँजी कम्तीमा बीस लाख रुपैयाँ हुनु पर्नेछ र पहाडी जिल्लाको हकमा दश लाख रुपैयाँ हुनुपर्ने,

(ग) तराईको जिल्लाको हकमा आवेदक संस्थाहरूले खरिद गरेको संघको शेयर पूँजी कम्तीमा पाँच लाख रुपैयाँ हुनु पर्नेछ र पहाडी जिल्लाको हकमा एक लाख रुपैयाँ हुनुपर्ने,

(घ) आवेदक संस्थाहरू घाटामा गएको हुन नहुने।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिम आवेदक संस्थाले खरिद गर्ने शेयरको रकम संस्थाको प्राथमिक पूँजी कोष र बचतको अनुपात कम्तीमा एक बराबर पन्ध्र कायम गरी जगेडा कोष र शेयर पूँजीबाट मात्र खरिद गर्नु पर्नेछ।

(३) विशिष्टीकृत सहकारी संघको सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) जुन उद्देश्यका लागि सो सहकारी संघ गठन भएको हो सोही कार्य मात्र गर्नुपर्ने,

(ख) विशिष्टीकृत सहकारी संघको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम अनुमति, स्वीकृति वा इजाजत लिनुपर्ने भए लिएर मात्र सञ्चालन गर्नुपर्ने।

(४) विशिष्टिकृत सहकारी संघ गठन गर्दा स्व-रोजगारी तथा मूल्य श्रृङ्खलामा योगदान पुऱ्याउने गरी वस्तुको सङ्कलन, सञ्चय, प्रशोधन, बजारीकरण र निर्यातमूलक कार्यविशेषका आधारमा गठन गर्न सकिनेछ।

५. **<u>बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्ड</u>** : (१) उपमहानगरपालिकाको हकमा प्रत्येक वडामा रहेको जनसङ्ख्याका

आधारमा प्रत्येक पाँच हजार जनसङ्ख्यामा एउटा संस्थामा नबढ्ने गरी, नगरपालिकाको हकमा प्रत्येक दुई हजार जनसङ्ख्यामा एउटा संस्थामा नबढ्ने गरी र गाउँपालिकाको हकमा प्रत्येक पाँच सय जनसङ्ख्यामा एउटा संस्थामा नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था दर्ता गरिनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको सङ्ख्या निर्धारण गर्दा उप-महानगरपालिकामा जिल्ला भित्र कार्यक्षेत्र सीमित भएका तथा वडाभित्र कार्यालय रहेका र गाउँपालिका वा नगरपालिकाको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाभित्र कार्यक्षेत्र सीमित भएका छिमेक वा बसोबासको साझा बन्धनमा दर्ता गरिएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूको मात्र आधार लिइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको मापदण्ड भन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरू दुई वर्षभित्र नियम ३१ बमोजिम एकीकरण भई सक्नु पर्नेछ ।

६. **दर्ताको प्राथमिकता**: संघ दर्ताका लागि एकभन्दा बढी निवेदन परेमा रीतपूर्वक दर्ता भएको पहिलो निवेदनलाई प्राथमिकता दिनु पर्नेछ।

७. **दर्ताको प्रमाण पत्र**: ऐनको दफा १२ बमोजिम दर्ता भएको संस्था वा संघलाई दर्ता अधिकारीले ऐनको अनुसूची-२ को ढाँचामा दर्ताको प्रमाण-पत्र दिनु पर्नेछ।

८. **सहकारी संस्थाको कार्यक्षेत्र**: (१) ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरुका कार्यक्षेत्र कायम गर्ने प्रयोजनका लागि त्यस्ता

संस्थाहरुले पेश गर्ने कार्य सञ्चालन प्रतिवेदनमा ऐनको दफा १५ को उपदफा (१) मा उल्लेखित विवरणको अतिरिक्त देहायको विवरण समेत उल्लेख गर्नु पर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र अनुसारको सञ्चालन खर्च, कारोबार र नाफा नोक्सान विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसार सदस्यहरुको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरुको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको विवरण।

(२) ऐनको दफा १५ को उपदफा (१०) बमोजिम कार्यक्षेत्रको विस्तार तथा कार्यक्षेत्रको पुनःनिर्धारण गर्दा देहायका विशेष व्यावसायिक आवश्यकताको आधार लिनु पर्नेछ :-

(क) उत्पादन, सङ्कलन, भण्डारण, ढुवानी, प्रशोधन सुविधाका दृष्टिले न्यूनतम आयतन कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिँचाई सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाई कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रतिएकाई लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट कार्यक्षेत्र बिस्तार गर्न आवश्यक भएको।

तर संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवं व्यावसायिक सेवा विस्तारको मनासिव स्तर हासिल नभएसम्म त्यस्ता संस्थाको कार्यक्षेत्र विस्तार गरिने छैन।

(३) ऐन तथा यस नियमावली बमोजिम संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नु पर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं कारोबारमा वृद्धि भएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) कार्यक्षेत्र विस्तार गर्दा ऐनको दफा २८ को उपदफा (१) विपरित दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको,

(घ) विनियम संशोधनको प्रक्रिया पूरा भएको।

(४) ऐनको दफा १५ को उपदफा (४) को खण्ड (क) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्र भित्रको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिँदा झिकिने कार्यक्षेत्र भरीको गरी जम्मा सदस्य सङ्ख्याको पन्ध्र प्रतिशतभन्दा कम सदस्य सङ्ख्या भएको हुनु पर्नेछ।

(५) ऐनको दफा १५ को उपदफा (४) को खण्ड (ख) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्रभित्रको जिल्ला, स्थानीय तह र वडा

झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिँदा झिकिने कार्यक्षेत्र भरिको गरी पाँच करोड रुपैयाँ वा जम्मा कारोबारको पन्ध्र प्रतिशतमा जुन घटी हुन्छ सोभन्दा कम व्यावसायिक सेवा सञ्चालन भएको देखिएको हुनु पर्नेछ।

स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि "कारोबार" भन्नाले संस्था वा संघले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारको जोड सम्झनु पर्छ।

(६) सेवाकेन्द्र वा सम्पर्क केन्द्र स्थापनाको लागि सदस्य संख्या दुई हजार भन्दा बढी भएका संस्थाको तेत्तिस प्रतिशत सदस्य उक्त स्थानमा रहेको वा कम्तीमा सात सय सदस्य भन्दा बढी रहेको हुनु पर्नेछ र सम्बन्धित वडा तथा स्थानीय तहको सिफारिस आवश्यक पर्नेछ।

(७) सेवाकेन्द्र वा सम्पर्क केन्द्र दर्ता अधिकारीबाट स्वीकृत गराएपछि मात्र स्थापना गर्न पाईनेछ।

९. **विषय परिवर्तन सम्बन्धी व्यवस्था** : (१) कुनै सहकारी संस्थाका सदस्यहरूले आफ्नो व्यावसायिक आवश्यकताको आधारमा दर्ता हुँदाको बखतको विषय परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेको कूल सदस्य सङ्ख्याको बहुमतबाट निर्णय गराई सोही बमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सोको स्वीकृतिको लागि दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम विषय परिवर्तनको लागि विनियम संशोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधीनमा रही मन्त्रालयबाट निर्धारित शर्त र कार्यविधि पूरा भएको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संशोधन गरिएको विनियम स्वीकृत गर्नु पर्नेछ ।

१०. <u>कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन</u> : (१) ऐनको दफा १८ को उपदफा (४) बमोजिम एकै वा फरक प्रकृतिका दुई वा दुईभन्दा बढी संस्था वा संघले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् :-

(क) सम्बन्धित संस्थाका सदस्यहरूको आवश्यकतामा आधारित उत्पादनको मूल्य श्रृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरणलगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कायम रहेको कूल सदस्य सङ्ख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(घ) खण्ड (ग) बमोजिम पारित प्रस्तावना संयुक्त रूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरूबीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिनुपर्ने,

(च) प्रचलित कानून बमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने भए लिएको हुनुपर्ने।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पन्न गरी सम्बन्धित संस्था वा संघले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदनउपर दर्ता अधिकारीले पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने जानकारी दिनेछ।

(४) उपनियम (३) बमोजिम अनुमति दिएको जानकारीको अभिलेख दर्ता अधिकारीले छुट्टै राख्नु पर्नेछ।

(५) यस नियम बमोजिम अनुमति पाएको संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने संस्था वा संघले दर्ता अधिकारीले तोकेको ढाँचामा नियमित रूपमा प्रगति विवरण र वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

११. **<u>सहकारी संस्थाको विनियम</u>** : सहकारी संस्थाले विनियम बनाउँदा अनुसूची-१० मा उल्लिखित विषयहरू समावेश गर्नु पर्नेछ।

## परिच्छेद-३
## <u>सदस्यता</u>

१२. **<u>संघको सदस्यता</u>**ः ऐनको दफा २९ को उपदफा (५) बमोजिम संघको सदस्यता लिँदा देहायको प्रक्रिया पूरा गर्नु पर्नेछ :-

(क) विषयगत सहकारी संघको हकमा सम्बन्धित विषयको सम्बन्धित संघ बाहेक एउटै तहको अन्य विषयगत संघमा सदस्यता लिन पाउने छैन।

(ख) सम्बन्धित संघको विनियममा उल्लेखित आधार र प्रक्रिया पूरा भएको।

१३. **<u>सदस्यताको समाप्ति</u>** : (१) ऐनको दफा ३० को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम कुनै सदस्यको सदस्यता समाप्त गर्दा देहायको अवस्था पूरा भएको हुनु पर्नेछ :-

(क) सम्बन्धित सदस्यको सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) सम्बन्धित सदस्यको सदस्यता समाप्तिका सम्बन्धमा सञ्चालक समितिले उपसमिति गठन गरी छानबिनको प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सम्बन्धित सदस्यलाई खण्ड (ख) बमोजिमको उपसमितिले आफ्नो सफाइ पेस गर्न मनासिब माफिकको मौका दिएको हुनुपर्ने,

(घ) सम्बन्धित सदस्यको सदस्यता समाप्त गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम सञ्चालक समितिले गरेको निर्णयमा चित्त नबुझ्ने सदस्यले दर्ता अधिकारी समक्ष उजुरी गर्न सक्नेछ र तत्सम्बन्धमा दर्ता अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २८ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए, नभएको सम्बन्धमा संस्थाले आफ्ना सदस्यहरूलाई यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र स्व-घोषणा गर्न सूचना दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त सूचनाका आधारमा ऐनको दफा २८ को उपदफा (१) विपरीत दोहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाको सदस्यता कायम राखी अन्य संस्थाको ऐनमा निर्धारित म्यादभित्र त्यस्तो सदस्यको सदस्यता अन्त्य गर्नु पर्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले निरीक्षण वा अनुगमनको सिलसिलामा वा अन्य कुनै माध्यमबाट ऐनको दफा २८ को उपदफा (१) विपरीत कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सदस्यले चाहेको कुनै एक मात्र संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ र सोही निर्देशन बमोजिम सम्बन्धित संस्थाले त्यस्तो सदस्यको सदस्यता समाप्त गर्नु पर्नेछ।

१४. <u>सदस्यको रकम फिर्ता</u> : (१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ५० को उपदफा (१) र (२) बमोजिम निजले पाउनुपर्ने देहायको रकम ऐनमा तोकिएको समयावधि भित्र सम्बन्धित संस्थाले निजलाई फिर्ता दिनु पर्नेछ :-

(क) निजको शेयरको अङ्कित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश बापतको रकम,

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पूँजी फिर्ता बापतको रकम।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पूँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनु पर्नेछ।

(३) सदस्यहरुले संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत ब्याज सहित तुरुन्त फिर्ता दिनु पर्नेछ।

तर आवधिक बचतको रकम निर्धारित अवधि भुक्तान भएपश्चात फिर्ता गर्नु पर्नेछ।

## परिच्छेद-४
## साधारण सभा

१५. **साधारण सभा सम्बन्धी विशेष व्यवस्थाः** (१) ऐनको दफा ३६ को उपदफा (५) मा उल्लिखित सदस्य सङ्ख्या भएको संस्थाको साधारण सभा एकै स्थानमा गर्न असुविधा हुने देखी समितिले साधारण सभाको लागि तय भएका समान कार्यसूचीउपर छलफल गर्न साधारण सभा बोलाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बोलाइएको साधारण सभामा सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिका सदस्यको उपस्थितिमा उपनियम (५) बमोजिमको एकाइमा रहेका बहुमत सदस्यहरुको उपस्थितिमा त्यस्तो साधारण सभाको लागि तय भएका समान कार्यसूचीउपर छलफल गरी बहुमत सदस्यको निर्णय बमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्न विनियममा उल्लेख भए बमोजिमको सङ्ख्यामा प्रतिनिधि छनौट गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम छनौट भएका प्रतिनिधिहरुले साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्न सक्नेछन्।

(४) उपनियम (३) बमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने सम्बन्धमा छनौट भएका प्रतिनिधिहरुका बीच मतैक्यता हुन नसकेमा उपस्थित प्रतिनिधिहरुको बहुमतबाट भएको निर्णय बमोजिम हुनेछ।

(५) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठक देहाय बमोजिम गराउनु पर्नेछ :-

(क) संस्थाको कार्यक्षेत्रलाई विभिन्न एकाइमा सदस्य सङ्ख्याको आधारमा विभाजन गर्ने,

(ख) सम्बन्धित एकाइमा रहेका सदस्य सङ्ख्याको आधारमा प्रतिनिधि सङ्ख्या यकिन गर्ने,

(ग) यकिन भएको सङ्ख्याको आधारमा प्रतिनिधि चयन गर्ने, र

(घ) साधारण सभाको समान कार्यसूचीमा एकाइमा रहेका सदस्यहरू बीच छलफल गर्ने र एकाइमा रहेका सदस्यहरूको धारणाको प्रतिनिधित्व चयन भएका प्रतिनिधिले गर्ने।

(६) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठकमा सहभागिता सम्बन्धी अन्य व्यवस्था विनियममा भएको व्यवस्था बमोजिम हुनेछ।

(७) साधारण सभा सम्बन्धी अन्य व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

१६. **समितिको बैठक**: (१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिव वा व्यवस्थापकले बोलाउनेछ।

(२) समितिको बैठक ऐनको दफा ३७ को उपदफा (११) को अवधि भित्र रहेर अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(३) बैठकको अध्यक्षता समितिको अध्यक्षले निज उपस्थित नभएमा उपाध्यक्षले र निजसमेत उपस्थित नभएमा सञ्चालकहरू मध्येबाट जेष्ठ सदस्यले गर्नेछ।

(४) उपनियम (२) को अवधिभित्र बैठक नबोलाइएमा बहुमत सदस्यले हस्ताक्षर गरी बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन्।

(६) उपनियम (५) बमोजिम बोलाइएको बैठकको अध्यक्षता उपस्थित सञ्चालकहरू मध्येबाट चुनिएको सञ्चालकले गर्नेछ।

(७) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नु पर्नेछ।

(८) समितिको बैठकको गणपूरक सङ्ख्या समितिको तत्काल कायम रहेको कूल सदस्य सङ्ख्याको बहुमत सदस्य सङ्ख्या हुनेछ।

१७. <u>समितिको काम, कर्तव्य र अधिकार</u>ः ऐनको दफा ३९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संस्थाको समग्र कार्य सञ्चालनमा सदस्यहरूको रचनात्मक एवं सक्रिय सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनुका साथै प्राप्त निर्देशनहरूको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारणसम्बन्धी प्रचलित कानून बमोजिमका व्यवस्थाहरूको कार्यान्वयन गर्ने, गराउने,

(च) आवश्यकता अनुसार उपसमितिहरू गठन, विघटन तथा जिम्मेवारी तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचार-संहिता बनाई लागू गर्ने,

(ज) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने।

१८. **तदर्थ समितिको गठन** : (१) ऐनको दफा ४३ को उपदफा (३) बमोजिम समिति विघटन भएमा संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन दर्ता अधिकारीले सदस्यहरू मध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनु पर्नेछ :-

(क) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) साबिकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने,

(घ) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्ने।

१९. <u>लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यता</u> : ऐनको दफा ४४ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्ष पूरा भएको,

तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा समितिका संयोजक तथा सदस्यहरूको हकमा यो खण्ड लागू हुने छैन।

(ख) संस्थालाई तिर्नु, बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

(ग) संस्थाले आफैं वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धित तालिम लिएको,

(घ) अन्य सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिमा नरहेको।

## परिच्छेद-५
## कोष सम्बन्धी व्यवस्था

२०. **सहकारी प्रवर्द्धन कोष** : (१) ऐनको दफा ५६ बमोजिमको सहकारी प्रवर्द्धन कोष मन्त्रालयमा रहनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा राखेको रकम वितरणको लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) उपाध्यक्ष, सहकारी विकास बोर्ड - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ङ) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा - सदस्य सचिव

(३) सहकारी प्रवर्द्धन कोषको रकम विषयगत सहकारी संघ तथा सहकारी संघहरुलाई देहाय बमोजिम उपलब्ध गराईनेछः-

(क) सहकारी विकास कोषमा जम्मा स्रोतको तीस प्रतिशतसम्म,

(ख) प्रदेश सहकारी सङ्घलाई जम्मा स्रोतको बीस प्रतिशतसम्म,

(ग) प्रदेश विषयगत सहकारी संघहरूलाई जम्मा स्रोतको बीस प्रतिशतसम्म,

(घ) जिल्ला सहकारी संघलाई जम्मा स्रोतको बीस प्रतिशतसम्म,

(ङ) जिल्ला विषयगत सहकारी संघहरूलाई जम्मा स्रोतको दश प्रतिशतसम्म।

(४) उपनियम (३) बमोजिम संघलाई प्राप्त रकमको कम्तीमा पैंतिस प्रतिशत रकम उपनियम (२) बमोजिमको समितिले तोकेबमोजिमका प्रारम्भिक संस्थाहरूलाई सहकारी व्यवसायको पूर्वाधारमा लगानी गरी बाँकी रकम व्यवसाय प्रवर्द्धन, शिक्षा, सूचना र तालिम, बजार प्रवर्द्धन, संस्था वा संघको अनुगमन लगायतका कार्यमा खर्च गर्न उपलब्ध गराउनु पर्नेछ।

(५) उपनियम (३) को खण्ड (ग), (घ) र (ङ) बमोजिमको रकम प्रदेश विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघ वा जिल्ला विषयगत सहकारी संघहरूलाई रकम बाँडफाँड गर्दा संघको सदस्य संख्या, वार्षिक कारोबार र कोषमा गरेको योगदान समेतलाई आधार लिइनेछ।

(६) प्रदेश सहकारी संघले सहकारी व्यवसायको पूर्वाधारमा लगानी गरी बाँकी रकम व्यवसाय प्रवर्द्धन, शिक्षा, सूचना र तालिम, बजार प्रवर्द्धन, संस्था वा संघको अनुगमन लगायतका कार्यमा खर्च गर्न संघहरुलाई रकम उपलब्ध गराउनु पर्नेछ।

(७) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (२) बमोजिमको समितिले संघहरूलाई रकम उपलब्ध गराउँदा सम्बन्धित संघहरूबाट प्राप्त प्रस्तावहरूको आधार लिनेछ।

(८) उपनियम (६) को प्रयोजनका लागि सम्बन्धित संघहरूले आ-आफ्ना सदस्य संस्था वा संघबाट प्रस्ताव माग गर्न सक्नेछन्।

(९) उपनियम (३) बमोजिम सम्बन्धित संघले अलग्गै अभिलेख राखी प्रचलित कानून बमोजिम लेखापरीक्षण गराई कोषबाट प्राप्त रकमको विवरण वार्षिक पुस्तिका र आफ्नो वेबसाइट मार्फत् सार्वजनिक गर्नुका साथै कोषको समिति र मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

(१०) सहकारी प्रवर्द्धन कोष सञ्चालनका लागि उपनियम (२) बमोजिमको समितिले कार्यविधि बनाई लागू गर्न सक्नेछ।

२१. <u>**अन्य कोष सम्बन्धी व्यवस्था**</u> : (१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ५४ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शतप्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ५५ बमोजिम संरक्षित पूँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ५६ बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहाय बमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नु पर्नेछ :–

(क) सहकारी शिक्षा कोष,
(ख) शेयर लाभांश कोष,
(ग) कर्मचारी बोनस कोष,
(घ) घाटापूर्ति कोष,
(ङ) सामुदायिक विकास कोष,
(च) अन्य जोखिम व्यवस्थापन कोष।

(२) बचत तथा ऋण सहकारी संस्थाले स्थिरीकरण कोषमा समेत छुट्याउन सक्नेछ।

(३) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ।

(४) ऐनको दफा ८९ बमोजिमको सहकारी विकास कोषबाट लगानीको निमित्त ऋण लिन चाहने सहकारी संस्थाले उपनियम (१) मा उल्लेख भएका कोषका अतिरिक्त सहुलियत कर्जा लगानी कोष समेत स्थापना गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको कोषको प्रयोजनको लागि संस्थाले प्रारम्भमा अन्य कोष वा श्रोतबाट रकम व्यवस्थापन गर्न सक्नेछन।

२२. **अभिलेख** : (१) ऐनको दफा ५८ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्य सञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको लेखा मन्त्रालयले तोकेको लेखामान तथा ढाँचा अनुसार राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरण समेत राख्नु पर्नेछः-

(क) अनुसूची-२, अनुसूची-८ वा अनुसूची-९ बमोजिमको सदस्यता दर्ता किताब,

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र सञ्चालक समिति, लेखा सुपरिवेक्षण

समिति, उप-समितिहरूको बैठकहरूको छुट्टाछुट्टै निर्णय पुस्तिका,

(ग) नगदी बही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ञ) हिसाब परीक्षा सूची, आय-व्यय र स्थिति विवरण-पत्र,

(ट) समय समयमा मन्त्रालयले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू।

(३) पाँच करोडभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नु पर्ने अभिलेख तोकेबमोजिमको निर्धारक पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नु पर्नेछ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण मन्त्रालयले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नु पर्नेछ।

तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानून बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठसुरक्षा (ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नु पर्नेछ।

(६) सहकारी संस्थाले ऐनको दफा ५९ को उपदफा (१) मा उल्लिखित विवरण सहितको वार्षिक प्रतिवेदन साधारण सभा सकिएको मितिले पन्ध्र दिन भित्र दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(७) दर्ता अधिकारीले उपनियम (६) बमोजिम प्राप्त एकमुष्ठ विवरण माघ मसान्त भित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-६
## ऋण असुली तथा बाँकी बक्यौता

२३. **ऋण तथा बाँकी बक्यौता असुलि** : (१) ऐनको दफा ६४ बमोजिम सहकारी संस्थाको ऋण र दफा ६५ बमोजिम सहकारी संस्थाको बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुलउपर गर्दा सम्बन्धित सहकारी संस्थाले देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) बाँकी बक्यौता तिर्नु, बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतिस दिनभित्र तिर्नु, बुझाउनु पर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी,

बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाउने,

(ख) खण्ड (क) बमोजिम म्याद जारी गरिएकोमा म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी, बुझाई सकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्ने,

(ग) धितो राखेको घर, जग्गा,जमिन मालपोत कार्यालयबाट रोक्का नगराइएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने,

(घ) धितो राखेको चलअचल सम्पत्तिको लिलाम बिक्री गर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने सावाँ, ब्याज र हर्जानाको रकम समेत उल्लेख गरी चल सम्पत्ति भए पन्ध्र दिन र अचल सम्पत्ति भए पैँतिस दिनको म्याद दिई उक्त म्याद भित्र तिर्नु बुझाउनु पर्ने रकम नबुझाएमा धितो लिलाम बिक्री गरी सावाँ, ब्याज र हर्जानाको रकम असुलउपर गरिने बारेको सूचना सम्बन्धित व्यक्तिलाई बुझाई संस्थाको कार्यालय, स्थानीय तहको सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस्नुका साथै स्थानीय वा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने,

तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन।

(ङ) धितो लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्ने,

तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चलअचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले स्थानीय चलनचल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी सुरु गर्नुपर्ने तथा डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरू मध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री सकार गर्न लगाई स्वीकृत गर्ने,

तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका परिवार तथा नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन।

(छ) डाँक बोल्न सुरु गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधिमा

तोकिए बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अङ्क स्पष्ट खोली निजको सहीछाप गराउने।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ।

(३) लिखितरूपमा अनुरोध गर्दा समेत उपनियम (२) बमोजिमको कुनै कार्यालयको प्रतिनिधि उपस्थित नभएमा उपस्थित प्रतिनिधि र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिको रोहवरमा अन्य दुई जना भद्रभलाद्मी साक्षी राखी लिलाम बिक्री गर्नु पर्नेछ।

(४) जुन व्यक्तिको चलअचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना अनिवार्य रुपमा पठाउनु पर्नेछ।

तर सूचना प्राप्त गरी त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन।

२४. **लिलाम बिक्री स्थगित गर्न सक्ने**: नियम २३ बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित भइसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्था बीच सहमति भई लिलाम बिक्री स्थगित गर्नुपर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्ता अधिकारीले त्यस्तो लिलाम बिक्री केही समयका लागि स्थगित गर्न सक्नेछ।

२५. **<u>असुलउपर हुन नसकेको रकम अरू जायजेथाबाट असुलउपर गर्नेः</u>** (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट सावाँ, ब्याज र हर्जानाको रकम असुलउपर हुन नसकेमा ऐन तथा प्रचलित कानून बमोजिम बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट नियम २३ मा उल्लिखित कार्यविधि अपनाई लिलाम बिक्री गरी असुलउपर गर्नु पर्नेछ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्री गरी साँवा, ब्याज र हर्जानाको रकम असुलउपर गर्नु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, ब्याज र हर्जानाको रकम असुलउपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता दिनु पर्नेछ।

२६. **<u>बेचबिखन वा लिलाम बिक्री गर्न वा लिजमा दिन नहुने</u>** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सहकारी विकास बोर्डको स्वामित्व वा नियन्त्रणमा रहेको नेपाल सरकार वा प्रदेश सरकारको एकाउन्न प्रतिशत शेयर स्वामित्व भएको साझा यातायात, साझा प्रकाशन, साझा स्वास्थ्य सेवा, साझा भण्डार, साझा सेवा जस्ता संस्थाको घर, जग्गा लगायतका स्थिर सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन वा लिलाम बिक्री गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन।

तर त्यस्ता संस्थाले ऋण वा अन्य बाँकी बक्यौता बापत धितो लिएको वा संस्था आफैंले धितो सकार गरेको घर,जग्गा अन्य प्रचलित

कानून र यस नियमावली बमोजिम लिलाम बिक्री गर्न नेपाल सरकारको स्वीकृति आवश्यक पर्ने छैन।

२७. **<u>लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने</u>** : (१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन धरौटीको रूपमा लिई राख्नु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले पन्ध्र दिनभित्र बुझाइ सक्नु पर्नेछ तथा सो म्यादभित्र नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुने व्यहोराको कागज गराई राख्नु पर्नेछ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरिदिनका लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।

२८. **<u>लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने</u>** : नियम २३ र नियम २५ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयहरूले सहकारी संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ।

२९. **जायजेथा फिर्ता दिनुपर्ने** : नियम २८ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनु पर्ने साँवा र अघिल्लो दिनसम्मको ब्याज, हर्जाना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्चसमेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित सहकारी संस्थाले आवश्यक प्रक्रिया पुऱ्याई फिर्ता दिनु पर्नेछ।

३०. **कर्जा सूचना केन्द्र** : ऐनको दफा ६७ बमोजिमको कर्जा सूचना केन्द्र सम्बन्धी काम प्रचलित कानून बमोजिम स्थापित कर्जा सूचना केन्द्रबाट गर्ने गरी व्यवस्था गर्न सकिनेछ।

## परिच्छेद-७
## एकीकरण, विघटन र दर्ता खारेजी

३१. **सहकारी संस्थाको एकीकरण** : (१) ऐनको दफा ७२ बमोजिम दुई वा दुईभन्दा बढी संस्थाहरू एकीकरण गर्दा देहायका शर्त बन्देजहरू पूरा भएको हुनु पर्नेछ :-

(क) कार्यक्षेत्र एक अर्कासँग खप्टिएको वा जोडिएको हुनुपर्ने,

(ख) सदस्यहरु बीचको साझा बन्धन समान हुनुपर्ने,

(ग) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,

(घ) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनु पर्ने।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह, जिल्ला वा प्रदेशको क्षेत्रभित्र पर्ने गरी गर्नु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको पूर्व-स्वीकृति बिना संवत् २०४९ साल जेठ २ गते भन्दा अघि दर्ता भएका साझा (सहकारी) संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गर्न वा त्यस्ता संस्थाहरुको घरजग्गा लगायतका स्थिर सम्पत्ति बेचबिखन गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन।

(४) महिलामात्र सदस्य रहने संस्था महिला मात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनु पर्नेछ।

तर विशेषरूपमा पिछडिएका समुदायमा स्थापित संस्थाको साङ्गठनिक गतिशीलतामा असर पर्ने गरी एकीकरण गरिने छैन।

(५) संघहरूको एकीकरण गर्दा विषयगत कार्य मिल्नेगरी गर्नु पर्नेछ।

तर उपनियम (६) बमोजिम एकीकरण हुने संघहरूको हकमा यो उपनियम लागू हुने छैन।

(६) यो नियमावली प्रारम्भ हुँदाका बखत कायम रहेका ऐनको दफा ४ र दफा ६ बमोजिमको न्यूनतम सदस्य सङ्ख्या नपुगेको र जिल्ला समावेश नभएका जिल्ला वा प्रदेश विषयगत वा बहुउद्देश्यीय सहकारी संघहरू वा ऐनको दफा १७ को उपदफा (१) मा उल्लिखित विषय भित्र

नपर्ने जिल्ला वा प्रदेश विषयगत सहकारी संघहरू दुई वर्षभित्र यस नियम बमोजिम सम्बन्धित संघमा एकीकरण गर्नु पर्नेछ।

(७) एकीकरणका अन्य शर्त, आधार र प्रक्रिया मन्त्रालयबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

३२. <u>**सहकारी संस्थाको विभाजन**</u> : (१) ऐनको दफा ७२ बमोजिम सहकारी संस्थाको विभाजन गरी दुई वा दुईभन्दा बढी संस्थाहरू कायम गर्दा देहायका शर्तहरू पूरा भएको हुनु पर्नेछ :-

(क) बचत तथा ऋणको मुख्य कारोबार भएको सहकारी संस्थाको हकमा सो को कार्यक्षेत्र स्थानीय तहको एक वडाभन्दा बढी भएको,

(ख) विभाजनको प्रकृयाबाट स्थानीयकरण गर्दा संस्थाहरूको कार्यसञ्चालनमा सदस्यहरूको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको,

(ग) विभाजन गर्नु पूर्व मन्त्रालयको स्वीकृति लिनु पर्ने।

(२) सहकारी संस्था विभाजन गर्दा मौजुदा कारोबारको प्रकृति अनुसार ऐनको दफा १७ बमोजिमको विषयगत वर्गीकरण मिल्ने गरी फरक फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ।

(३) दर्ता अधिकारीले सहकारी संस्थाहरूको एकीकरण वा विभाजनको सिलसिलामा सम्बन्धित संघको राय लिन सक्नेछ।

(४) विभाजनका अन्य शर्त, आधार र प्रक्रिया मन्त्रालयबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

३३. **पूर्व-सहमति लिनुपर्ने**: नियम ३१ वा ३२ मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा अन्य सार्वजनिक निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले सम्बन्धित निकायको पूर्व-सहमति लिनु पर्नेछ।

## परिच्छेद-८
## लिक्विडेशन सम्बन्धी व्यवस्था

३४. **लिक्विडेटरको नियुक्ति** : (१) ऐनको दफा ७४ को उपदफा (२) बमोजिम पचास लाख रुपैयाँसम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता अधिकारीले आफु मातहतको अधिकृत कर्मचारीलाई लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटरलाई दर्ता अधिकारीले लिक्विडेशन सम्बन्धी कार्यमा आवश्यक निर्देशन दिन सक्नेछ।

३५. **लिक्विडेटरको काम, कर्तव्य र अधिकार** : (१) ऐनको दफा ७३ बमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि सो सहकारी संस्थाका हालवाला वा साबिकवाला सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम २३ र नियम २५ बमोजिम असुलउपर गर्ने,

(ख) विघटन भएका सहकारी संस्थासँग कुनै साहुको कुनै रकम बाँकी लागि राखेको रहेछ र सो संस्थाकै

हिसाबकिताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्यादभित्र सो रकमको दाबा गर्न आउनु भनी वा सो बाँकी लागेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबी गर्न आउनु भनी सूचना जारी गर्ने,

(ग) साहुहरू मध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने,

(घ) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाले गरेको वा सहकारी संस्थाको विरुद्धमा गरिएको दाबीको सम्बन्धमा दुवै पक्षबीचमा मिलापत्र गराउने,

(च) विघटनका लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने,

(छ) सहकारी संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने,

(ज) सहकारी संस्थाको सम्पत्ति बेचबिखन गर्ने,

(झ) सरोकारवालाहरूसँग समेतको परामर्शमा सहकारी संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने।

(२) उपनियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा सहकारी संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्था

वा संघको कुनै कर्मचारीलाई आफूसमक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ।

३६. **<u>लिक्विडेशन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकार</u>** : नियम ३५ बमोजिमको अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोहोऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछ :-

(क) निर्देशन विपरीत लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्था वा संघको खाताबही, कागजात, लिखत र जायजेथाहरू पेस गराउन,

(ग) नियम ३५ बमोजिमको लिक्विडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद-बन्देज तोकिदिन,

(घ) लिक्विडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) नियम ३५ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र सो नियमको खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन,

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न।

३७. **<u>दायित्व भुक्तानी</u>** : (१) ऐनको दफा ७३ अन्तर्गत दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकताक्रम अनुसार देहायको कार्यका लागि खर्च गर्न सकिनेछ :-

(क) विघटनको कामको निमित्त भएका खर्चहरू फछ्र्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरू दिन,

(च) शेयर पूँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समय जतिको हकमा लाभांश वितरण गर्न।

(२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भइसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनुपर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोषउपर त्यस्तो साहुले आफूले पाउनुपर्ने रकमको लागि दाबी गरिसक्नु पर्नेछ र सो म्याद नाघेपछि परेको दाबी उपर कुनै कारबाही हुने छैन।

**परिच्छेद-९**

**दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार**

३८. **दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार**ः (१) ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) सहकारी संस्था दर्ता गर्नका लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाण-पत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी कार्य गर्ने,

(घ) नियमितरूपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरूको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाहरूको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरूको लेखापरीक्षण गराउने,

(च) विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसङ्ख्यक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्व-रोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने,

(छ) सहकारी व्यवसाय, कृषि उपजको मूल्य श्रृङ्खला विकास एवं तत्सम्बन्धी अन्तरसहकारी कारोबारका आयोजनाहरूलाई सहयोग पुऱ्याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन, यस नियमावली अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई ऐनमा भएको व्यवस्था बमोजिम जरिवाना तथा अन्य कारबाही गर्ने,

(ट) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन मन्त्रालयमा पेस गर्ने,

(ठ) निष्कृय अवस्थामा रहेका साझा सहकारी संस्थाहरूलाई सकृय बनाउन आवश्यक कार्य गर्ने,

(ड) आवश्यक मापदण्ड निर्धारण गरी सहकारी संस्थाको सेवा केन्द्र, सङ्कलन केन्द्र तथा बिक्री केन्द्र सञ्चालनको स्वीकृति दिने,

(ढ) ऐन, यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने।

(२) दर्ता अधिकारीले ऐन तथा यस नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद-१०
## निरीक्षण तथा अनुगमन

३९. **निरीक्षण तथा हिसाव किताब जाँच गर्ने** : ऐनको दफा ७८ को उपदफा (१) बमोजिम दर्ता अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत आवश्यकता अनुसार निरीक्षण तथा हिसाव जाँच गर्न, गराउन सक्नेछ।

४०. **निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था** : (१) ऐनको दफा ८० को उपदफा (२) बमोजिम दर्ता अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको अनुगमन तथा निरीक्षण गर्दा अन्तराष्ट्रिय रुपमा मान्यता प्राप्त मापदण्ड प्रणाली अवलम्बन गर्न सक्नेछ।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले पाँच करोड रुपैयाँ वा सोभन्दा बढी रकमको बचत दायित्व भए यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र र सोभन्दा घटी रकमको बचत दायित्व भए तीन वर्षभित्र नेपाल सरकारको सहकारी हेर्ने मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भइसक्नु पर्नेछ।

(३) सहकारी संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्र लगायतमा मन्त्रालयले तोकेका मानकहरूको पालना गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको सूचना प्रणाली समेतका आधारमा मन्त्रालयले उपनियम (३) बमोजिम तोकिएका मानकहरूको पालनाको अवस्थाको नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिन सक्नेछ।

(५) यस नियम बमोजिम हुने निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

(६) उपनियम (५) बमोजिम कार्यविधि स्वीकृत गर्दा मन्त्रालयले नेपाल राष्ट्र बैङ्कको परामर्श लिन सक्नेछ।

४१. <u>मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्ने</u> : ऐनको दफा ८१ को उपदफा (१) बमोजिम मन्त्रालयले सहकारी संस्थाको आवश्यकता अनुसार जुनसुकै बखत अनुगमन निरीक्षण गर्न, गराउन सक्नेछ।

४२. <u>संघले निरीक्षण तथा अनुगमन गर्ने</u> : (१) ऐनको दफा ८२ को उपदफा (१) बमोजिम सहकारी संघले मापदण्ड बनाई आफ्ना सदस्य संस्थाको अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(२) सहकारी संघले ऐनको दफा ८२ को उपदफा (२) मा उल्लेखित विवरणका अतिरिक्त आफ्ना सदस्य संख्याको अनुगमन तथा निरीक्षण गरी देहायको विवरण मन्त्रालयमा र दर्ता अधिकारीलाई बुझाउनु पर्नेछ।

(क) आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(ख) संस्थामा सुशासनको अवस्था,

(ग) सम्पत्ति शुद्धीकरण कानून कार्यान्वयनको अवस्था,

(घ) अन्य आवश्यक विवरणहरु।

४३. <u>वार्षिक प्रतिवेदनमा समावेश हुनु पर्ने विवरण</u> : ऐनको दफा ८३ बमोजिम दर्ता अधिकारीले देहाय बमोजिमको विवरण सहित निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ :-

(क) सञ्चालनमा रहेका सहकारी संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संस्थाको सङ्ख्या तथा आर्थिक कारोबारको विवरण,

(ग) सहकारी संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) सहकारी संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) सहकारी संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) सहकारी संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(छ) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(ज) सहकारी संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(झ) सहकारी संस्थामा रहेका कोषको विवरण,

(ञ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरु,

(ट) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ठ) संस्था वा संघले सञ्चालन गरेको ऐनको दफा १८ बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ड) मन्त्रालयले निर्धारण गरेका अन्य विवरणहरु।

## परिच्छेद-११
## सहकारी विकास बोर्ड

४४. **सहकारी विकास बोर्डको गठन** : (१) ऐनको दफा ८८ बमोजिम प्रदेश सरकारले सहकारी विकास बोर्डको गठन गर्नेछ।

(२) प्रदेश सहकारी विकास बोर्डमा देहाय बमेजिमका पदाधिकारी रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | - अध्यक्ष |
| (ख) | प्रदेश सरकारबाट नियुक्त | - उपाध्यक्ष |
| (ग) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| (च) | सचिव, सामाजिक विकास मन्त्रालय | - सदस्य |
| (छ) | सदस्य, प्रदेश योजना आयोग | - सदस्य |
| (ज) | अध्यक्ष, प्रदेश सहकारी संघ | - सदस्य |
| (झ) | सहकारी संघ संस्थामा कम्तिमा एक कार्यकाल पदाधिकारी भई कार्यानुभव भएका व्यक्ति मध्ये कम्तिमा एक महिला सहित प्रदेश सरकारबाट नियुक्त २ जना | - सदस्य |
| (ञ) | सचिव, मन्त्रालय | - सदस्य सचिव |

(३) बोर्डको सचिवालय मन्त्रालयमा रहनेछ।

४५. **<u>बोर्डको काम, कर्तव्य र अधिकार</u>** : (१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश स्तरमा सहकारिताको माध्यमबाट सहकारी संघ-संस्थाहरुको प्रवर्द्धन एवम् विकासको लागि आवश्यक नीतिहरु तर्जुमा तथा कार्यान्वयन गर्न प्रदेश सरकार समक्ष सुझाव दिने,

(ख) सहकारी विकास सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमाको लागि प्रदेश सरकारलाई आवश्यक सहयोग पुऱ्याउने,

(ग) सहकारी विकास सम्बन्धी आवश्यक अध्ययन तथा अनुसन्धानमा आवश्यक सुझाव दिने,

(घ) ऐनको दफा ८९ बमोजिम रहेको सहकारी विकास कोष सञ्चालन तथा परिचालनको लागि क्षेत्र पहिचान तथा नीतिगत व्यवस्था गर्ने,

(ङ) सहकारी संघ–संस्थाहरुको प्रवर्द्धन तथा संरक्षण गर्न प्राविधिक सहयोग उपलब्ध गराउने,

(च) प्रदेश सरकारका विभिन्न निकाय, सहकारी संघ–संस्था तथा गैह्र सरकारी संस्थाहरुबीच सामन्जस्यता स्थापना गरी त्यस्ता संस्थाहरुलाई व्यवसायमूलक कार्यक्रममा बढी प्रोत्साहित गराउन समन्वयात्मक सहयोग पुऱ्याउने,

(छ) सहकारी क्षेत्रमा औद्योगिक विकासको लागि सहकारी संघ संस्था, प्रदेश सरकार र दातृसंस्था बीच लगानीका लागि आवश्यक समन्वय गर्ने,

(ज) प्रदेश सरकारबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२) यस नियमावलीको अधीनमा रही आफ्नो काम, कर्तव्य र अधिकारहरुको प्रयोग तथा पालना गर्नु बोर्डको कर्तव्य हुनेछ।

४६. <u>**बोर्डको बैठक**</u> : (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) बोर्डको सम्पूर्ण सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) बोर्डको निर्णय अध्यक्षद्वारा प्रमाणित गर्नु पर्नेछ।

(४) बोर्डको बैठकको अन्य कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

४७. <u>उपाध्यक्ष तथा सदस्यहरुको नियुक्ती, पदावधि र सेवा सुविधा</u> : (१) नियम ४४ को उपनियम (२) को खण्ड (ख) र (झ) बमोजिमको उपाध्यक्ष र सदस्यहरुको नियुक्ति प्रदेश सरकारले गर्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त उपाध्यक्ष र सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः एक कार्यकालको लागि नियुक्त हुन सक्नेछ।

(३) उपनियम (१) बमोजिम नियुक्त उपाध्यक्ष र सदस्यहरुले बोर्डको बैठकमा सहभागी हुँदा नियमानुसार बैठक भत्ता पाउनेछन्।

(४) बोर्डका बैठकमा भाग लिन प्रदेश राजधानी बाहिरबाट आउने बोर्डका उपाध्यक्ष र सदस्यहरुले प्रचलित कानून बमोजिम दैनिक भत्ता तथा भ्रमण खर्च पाउनेछन्।

(५) उपनियम (१) बमोजिम नियुक्त उपाध्यक्ष र सदस्यलाई निजको पदावधि पूरा नहुँदै प्रदेश सरकारले हटाउन सक्नेछ।

तर उपाध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।

४८. <u>उपाध्यक्ष तथा सदस्यहरुको योग्यता</u> : नियम ४४ को उपनियम (२) को खण्ड (ख) र (झ) बमोजिम नियुक्त उपाध्यक्ष र सदस्यहरुको योग्यता देहाय बमोजिम हुनेछ :-

(क) नेपाली नागरिक भएको,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह उतिर्ण गरेको,

(ग) कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) उच्च नैतिक चरित्र भएको,

(ङ) उपाध्यक्षको हकमा सहकारी विज्ञ वा सहकारी क्षेत्रमा न्यूनतम सात वर्षको अनुभव भएको र सदस्यको हकमा सहकारी विज्ञ वा सहकारी क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव भएको,

४९. **प्रतिवेदन पेश गर्नुपर्ने** : बोर्डले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

५०. **उपसमिति गठन गर्न सक्ने** : (१) बोर्डले आफनो काम कारवाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यकता अनुसार उप-समितिहरु गठन गर्न सक्नेछ।

(२) उपसमितिहरुको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि बोर्डले तोकेबमोजिम हुनेछ।

५१. **अधिकार प्रत्यायोजन** : बोर्डले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार नियम ५० बमोजिम गठित उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद-१२
## सहकारी विकास कोष

५२. **सहकारी विकास कोष** : (१) ऐनको दफा ८९ बमोजिम प्रदेश सरकारले मन्त्रालयमा रहने गरी सहकारी विकास कोष स्थापना गर्नेछ।

(२) सहकारी विकास कोषमा ऐनको दफा ८९ को उपदफा (३) मा व्यवस्था भए बमोजिमको रकम रहनेछ।

(३) सहकारी विकास कोषको नाममा आफ्नो छुट्टै खाता हुनेछ।

(४) सहकारी संस्थाहरुले पनि आन्तरिक श्रोतबाट आफ्ना सदस्यहरुको आयमूलक काममा सहयोग गर्न नियम २१ को उपनियम

(४) बमोजिम एक अबिभाज्य रकम रहने सहुलियत कर्जा लगानी कोष स्थापना गर्न सक्नेछन् र कोषमा जम्मा रकम संस्थाले सदस्यहरुलाइ कृषि पशुपन्छी विकास लगायत अन्य आयमूलक काममा ऋण लगानी गर्न सक्नेछ।

(५) प्रदेश सहकारी विकास कोषको परिचालन नियम ५३ को उपनियम (१) को समितिले गर्नेछ।

५३. **<u>सहकारी विकास कोष सञ्चालक समिति</u>** : (१) प्रदेश सहकारी विकास कोष सञ्चालन गर्न देहाय बमोजिम एक सञ्चालक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(ग) उपसचिव/अधिकृतस्तर नवौं/दशौं आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य

(ङ) प्रमुख, सहकारी हेर्ने महाशाखा, मन्त्रालय - सदस्य सचिव

(२) प्रदेश सहकारी विकास कोष सञ्चालक समितिले बैठकको कार्यविधि आफैं तोक्न सक्नेछ।

५४. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : सहकारी विकास कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कोष सञ्चालनको कार्यविधि बनाउने,

(ख) सहकारी संस्थाहरुसँग ऋण मागको लागि आवेदन सङ्कलन गर्ने,

(ग) कोषमा उपलब्ध रकम र ऋण माग गर्ने संस्थाको सहुलियत कर्जा लगानी कोषको आधारमा ऋण उपलब्ध गराउने,

(घ) प्रदेश सहकारी विकास कोषबाट उपलब्ध गराएको ऋण रकमको अनुगमन गर्ने,

(ङ) प्रदेश सहकारी विकास कोषको संरक्षण गर्ने, गराउने।

५५. <u>कोष सञ्चालन विधि</u> : (१) नियम ५४ को उपनियम (१) को समितिले कार्यविधि अनुसार संघ, संस्थाहरुलाई मागका आधारमा सहुलियत कर्जा उपलब्ध गराउनेछ।

(२) सहकारी विकास कोषको रकम सहकारीहरु मार्फत कृषि, पशुपन्छी विकास, व्यवसायमूलक, उत्पादनमूलक लगायत अन्य आयमूलक काममा मात्र ऋण लगानी गर्न सकिनेछ।

(३) नियम २१ को उपनियम (४) बमोजिमको सहुलियत कर्जा लगानी कोष स्थापना गरेका संस्थाहरुले मात्र यस कोषबाट सहुलियत कर्जा प्राप्त गर्न सक्नेछन।

(४) सहकारी विकास कोषबाट प्राप्त ऋणबाट सहकारीहरुले सदस्यहरुलाई नियम ५३ को उपनियम (१) बमोजिम गठित समितिले तोकेबमोजिमको भन्दा बढी ब्याज नलिने गरी कृषि पशुपन्छी विकास, व्यवसायमूलक, उत्पादनमूलक लगायत अन्य आयमूलक काममा ऋण लगानी गर्नेछन्।

(५) सहकारी कोष सञ्चालक समितिले सहकारी विकास कोषबाट मागको आधारमा एउटा संस्थालाई दश लाखदेखि एक करोडसम्म ऋण

उपलब्ध गराउन सक्नेछ तर यो रकम संस्थाको सहुलियत कर्जा लगानी कोषको दश गुणा भन्दा बढी हुने छैन।

(६) सहकारी विकास कोषबाट लिएको ऋणबाट सदस्यहरुलाई व्यावसायिक परियोजनाको आधारमा उत्पादनमूलक काममा मात्र ऋण लगानी गर्न सकिनेछ।

(७) सहकारी संस्थाले सामान्यतया दुई वर्षका लागि मात्र ऋण प्रवाह गर्नु पर्नेछ यदि दुई वर्षभन्दा बढी अवधिको लागि ऋण लगानी गर्नु परेमा सहकारी विकास कोष सञ्चालक समितिबाट अनिवार्य रुपमा स्वीकृति लिनु पर्नेछ।

(८) सहकारी संस्थाले सदस्यबाट असुली गरेको रकम पुनः अन्य सदस्यलाई लगानी गर्न सक्नेछन तर तीन महिनासम्म पनि ऋण लगानी गर्न नसकेमा सहकारी विकास कोषमा फिर्ता गर्नु पर्नेछ।

(९) सहकारी संस्थाले सहकारी विकास कोषबाट प्राप्त ऋण र आम्दानी खर्चको छुट्टै हिसाब राख्नु पर्नेछ र हरेक आर्थिक वर्षको अन्तमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(१०) सहकारी विकास कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

५६. <u>लेखा र लेखापरीक्षण</u> : (१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(३) कोषको आम्दानी र खर्चको विवरण चौमासिक रुपमा सार्वजनिकीकरण गर्नु पर्नेछ।

## परिच्छेद-१३
## छुट, सुविधा र सहुलियत

५७. **छुट, सुविधा र सहुलियत प्राप्ति** : (१) ऐनको दफा ९० को उपदफा (१) को खण्ड (ग) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहायको विवरणसहित दर्ता अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ :-

(क) यसरी निवेदन दिनु अघि रजिष्ट्रेशन दस्तुर, छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपुर्जा र सम्बन्धित कागजातको प्रतिलिपि,

(ख) साधारणसभाको बैठकबाट घरजग्गाधनीको नाम नामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पूँजीबाट खरिद गर्न पुग्ने लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएकोभन्दा थप शेयर पूँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पूँजी, जगेडा कोष र बचत रकमको दर्तावाल लेखापरीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखिई सुधारका लागि निर्देशन दिएको भए

निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्ययोजना।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता अधिकारीले छुट सुविधाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

## परिच्छेद-१४
## विविध

५८. **सामाजिक परीक्षणः** ऐनको दफा ९२ बमोजिम सहकारी संस्थाले सामाजिक परीक्षण गराउँदा अनुसूची-११ बमोजिमको ढाँचामा गर्नु पर्नेछ।

५९. **मुद्दाको प्रतिरक्षा सम्बन्धी व्यवस्था** : ऐनको परिच्छेद-१६ बमोजिम समस्याग्रस्त संस्था वा संघको सम्बन्धमा व्यवस्थापन समितिले गरेको निर्णय वा काम कारबाहीको विषयमा कुनै अदालत वा अर्धन्यायिक निकायमा मुद्दा वा विवाद परेमा सोको प्रतिरक्षा मुख्य-न्यायाधिवक्ताको कार्यालयबाट हुनेछ।

६०. **विवाद निरुण समितिको गठन** : (१) ऐनको दफा ९६ बमोजिमको विवाद निरुपण समितिको गठन देहाय बमोजिम हुनेछः

(क) दर्ता अधिकारी वा दर्ता अधिकारीले तोकेको व्यक्ति - संयोजक

(ख) प्रदेश सहकारी संघको प्रतिनिधि -सदस्य

(ग) प्रदेश सहकारी विकास बोर्डको प्रतिनिधि - सदस्य

(२) उपनियम (१) बमोजिमको समितिले विवादसँग सम्बन्धित सहकारी संस्थाका एक एक प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्नु पर्नेछ।

(३) उपनियम (१) अनुसारको समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ।

६१. **<u>जानकारी दिनुपर्नेः</u>** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको नियमन क्षेत्राधिकार अन्तर्गत रहेको सहकारी संस्थाले स्थानीय तहमा कार्यालय, सेवा केन्द्र वा अन्य माध्यमबाट सेवा सञ्चालन गर्दा स्थानीय तहमा जानकारी दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमका सहकारी संस्थाहरूको विवरण सम्बन्धित स्थानीय तहले प्रदेशमा पठाउनु पर्नेछ।

६२. **<u>अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने</u>** : मन्त्रालयले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

अनुसूची-१

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

**सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा**

(१) परिचय

(२) संस्था गठन गर्नुपर्नाको कारण

(३) सदस्यताको जनसाङ्ख्यिक आधार

(४) सहभागिताको औचित्य

(५) व्यावसायिक सम्भाव्यता

५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान

५.२ सदस्यहरूको संरक्षण सुनिश्चित गर्ने आधारहरू

५.३ कारोबारबाट हुने बचतको प्रक्षेपण

(६) पूँजी आवश्यकता र स्रोत

६.१ आवश्यकताको अनुमान

६.२ स्रोत

६.३ पूँजी परिचालनका तर्कसम्मत आधारहरू

(७) बजार विश्लेषण

७.१ नजिकको बजार

७.२ टाढाको बजार

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारहरू

(८) कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

(९) पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण

(१०) महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू

(११) जनशक्ति व्यवस्था

(१२) संस्थाको विकास र स्थायित्वका आधारहरू ।

अनुसूची-२

(नियम ३ को उपनियम (२) र नियम २२ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

## **आवेदकहरूको विवरण फारामको ढाँचा**

| सि. न. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | आवेदकको नाम,, थर | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नम्बर | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहिछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर सङ्ख्या | शेयरको जम्मा रकम रु. | | | | |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |

अनुसूची-३

(नियम ३ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

**व्यावसायिक कार्ययोजनाको ढाँचा**

संस्था/संघको नाम :-

ठेगाना :-

क. उद्देश्य :-

१. ......... ............. ................ ............ ........... ............
२. ......... ............. ................ ............ ........... ............
३. ......... ............. ................ ............ ........... ............

ख. कार्यहरू :-

१. ......... ............. ................ ............ ........... ............
२. ......... ............. ................ ............ ........... ............
३. ......... ............. ................ ............ ........... ............
४. ......... ............. ................ ............ ........... ............
५. ......... ............. ................ ............ ........... ............
६. ......... ............. ................ ............ ........... ............

ग. आगामी तीन वर्षपछिको अवस्था प्रक्षेपण

१. सदस्यता विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य [संघ/संस्था] सङ्ख्या | | | | |
| - महिला | | | | |
| - पुरुष | | | | |
| - जम्मा | | | | |
| जम्मा सदस्यमा दलित | | | | |

२. व्यावसायिक सेवा विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य [संघ/संस्था] सङ्ख्या | | | | |
| – परिमाण (......) | | | | |
| – रकम (रु.) | | | | |
| – लाभान्वित हुने सदस्य (जना) | | | | |
| सदस्य [संघ/संस्था] लाई वस्तु वा सेवा बिक्री | | | | |
| – परिमाण (......) | | | | |
| – रकम (रु.) | | | | |
| – लाभान्वित हुने सदस्य (जना) | | | | |
| सदस्य [संस्थाका सदस्य] लाई रोजगारीको अवसर सृजना<br>– प्रत्यक्ष पूर्णकालीन (जना)<br>– अप्रत्यक्ष पूर्णकालीन (वर्षमा २,०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |

| | | | | |
|---|---|---|---|---|
| सदस्य [संस्थाका सदस्य] लाई ऋण सेवा (वार्षिक)<br>– रकम (रु.)<br>– जना | | | | |
| – सदस्य [संस्थाका सदस्य] लाई बचत सेवा (मौज्दात)<br>– रकम (रु.)<br>– जना | | | | |

३. सहकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| गाउँ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरू आयोजना (वार्षिक पटक) | | | | |
| सामुदायिक विकासका योजनाहरू सञ्चालन | | | | |

घ. पूँजीको स्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| आवश्यकता | | | | |
| – स्थीर पूँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर | | | | |

| | | | | |
|---|---|---|---|---|
| आदि) | | | | |
| - चालु पूँजीतर्फ (मौज्दात मालसामान, उधारो बिक्री, नगद मौज्दात आदि) | | | | |
| - ऋण लगानीतर्फ | | | | |
| - जम्मा | | | | |
| स्रोत | | | | |
| - शेयर पूँजी | | | | |
| - जगेडा कोष | | | | |
| - अन्य (......) | | | | |
| - सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

ङ. कार्यान्वयन जिम्मेवारी बाँडफाँड

१. सञ्चालक समितिको जिम्मेवारी

.

.

२. गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

.

.

३. लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी

.

.

४. व्यवस्थापन कर्मचारीहरूको जिम्मेवारी

.

.

५. प्रत्येक सदस्यको जिम्मेवारी

.

.

च. कार्ययोजनाबाट सदस्य [संस्थाका सदस्य]हरूको जीवनमा पर्ने प्रभावका सूचकहरू

छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि

अनुसूची-४
(नियम ३ को उपनियम (३) को खण्ड (ग) सँग सम्बन्धित)
<u>भरपाईको ढाँचा</u>

भर्पाई दादै प्रस्तावित .................. सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ............... श्री ........................... आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको ............ प्रारम्भिक भेलाको मिति ................... को निर्णय बमोजिम प्रति शेयर रु ..........।- का दरले ............... जनाबाट जम्मा ......................... कित्ताको हुन आउने जम्मा रकम रु ........................... (अक्षरुपी..........................मात्र) र प्रवेश शुल्क प्रतिव्यक्ति रु................।- का दरले हुन आउने रु................................।- (अक्षरुपी...................... ........................मात्र) गरी जम्मा रु............................................।– (अक्षरुपी....................................................मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सहीछाप गरी ............................ कार्यालयमा पेस गरेको छु। प्राप्त रकम हाल मेरो ................................................मा रहेको .....................हिसाब नं...........................................मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु। उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोले सम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु। फरक परेमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ।

इति संवत् २०........साल.............महिना..........गते रोज.............शुभम्।

अनुसूची-५

(नियम ३ को उपनियम (३) को खण्ड (घ) सँग सम्बन्धित)

तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फारामको ढाँचा

| सि. नं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेसा | निर्वाचित मिति | बहाल रहने अवधि | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |

अनुसूची-६

(नियम ३ को उपनियम (३) को खण्ड (ङ) सँग सम्बन्धित)

**स्व-घोषणा-पत्रको ढाँचा**

प्रस्तावित श्री ...................................... सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरूले प्रचलित कानूनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौः

हामी आवेदकहरू कोही पनि—

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं।
- बैङ्क, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/राष्ट्रिय सहकारी बैङ्कको कानून बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं।
- यसअघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाहिमा परेका वा फरार रहेका व्यक्ति हैनौं।
- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं र
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानून बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौ।

उपर्युक्त व्यहोरा ठीक, साँचो हो । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्ने :-

| सि.नं. | आवेदकको नाम, थर | नागरिकता नं. र जारी जिल्ला | हालको ठेगाना | सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

अनुसूची-७

(नियम ३ को उपनियम (३) को खण्ड (च) सँग सम्बन्धित)

<u>अधिकार प्रत्यायोजन पत्रको ढाँचा</u>

मितिः २०.....।....।....

श्री दर्ता अधिकारीज्यू

.........................।

विषयः– अधिकार प्रत्यायोजन।

महोदय,

यस प्रस्तावित.................................... सहकारी संस्था लि. को मिति २०....।......।..... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम– कारबाई गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका .............. श्री........................., ........... श्री ................................ र ............... श्री ............................ समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं। निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको :

| नाम | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|
| १. श्री .............................. | | | |
| २. श्री .............................. | | | |
| ३. श्री .............................. | | | |

आवेदकहरुको -

| सि.नं. | सदस्यहरूको नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

द्रस्टव्यः अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गर्नु पर्नेछ।

अनुसूची-८

(नियम ३ को उपनियम (४) को खण्ड (ग) र नियम २२ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

<u>संघ दर्ताका लागि आवेदन दिने संस्थाहरूको विवरण</u>

| सि .नं. | आवेदक संघ-संस्थाको नाम, ठेगाना | दर्ता नं .र मिति | दर्ता गर्ने निकाय | विषयगत वर्गीकरण | कार्यक्षेत्र | सदस्य सङ्ख्या | शेयर पूँजी | जगेडा कोष | खरिद गर्ने शेयरको विवरण | | | आधिकारिक प्रतिनिधित्व गर्नेको नाम, थर | सहीछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | ति शेयर रकम रु. | रिद शेयर सङ्ख्या | यरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

अनुसूची-९

(नियम ३ को उपनियम (५) को खण्ड (क) र नियम २२ को उपनियम (२) खण्ड (क) सँग सम्बन्धित)

<u>विशिष्टीकृत संघ दर्ताका लागि आवेदन दिने संस्थाहरूको विवरण</u>

| सि.नं. | आवेदक संस्थाको नाम, ठेगाना | दर्ता नं.र मिति | दर्ता गर्ने निकाय | विषयगत वर्गीकरण | कार्यक्षेत्र | सदस्य सङ्ख्या | शेयर पूँजी | जगेडा कोष | कारोबारको अवस्था | | | | | खरिद गर्ने शेयरको विवरण | | | सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | जम्मा बचत रकम रु. | जम्मा ऋण लगानी रु. | पछिल्लो आ.व.को जम्मा खरिद रु. | पछिल्लो आ.व.को जम्मा बिक्री रु | पछिल्लो आ.व.को नाफा/घाटा रकम रु. | प्रति शेयर रकम रु. | खरिद शेयर सङ्ख्या | शेयरको जम्मा रकम रु. | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

अनुसूची-१०

(नियम ११ सँग सम्बन्धित)

विनियममा उल्लेख गर्नुपर्ने विषयहरू

प्रस्तावना

१. संक्षिप्त नाम र प्रारम्भ
२. संस्थाको नाम र ठेगाना
३. परिभाषा
४. उद्देश्य
५. कार्य
६. कार्यक्षेत्र
७. संस्थाको सदस्य
८. सदस्यताको योग्यता
९. सदस्यताका लागि निवेदन र प्राप्ति
१०. सदस्यताको अन्त्य
११. सदस्यको निष्कासन
१२. सदस्यताबाट राजीनामा
१३. पुन सदस्यता
१४. सदस्यको काम, कर्तव्य र अधिकार
१५. सदस्यता खुला रहने
१६. सदस्यता प्राप्ति, पुन प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने
१७. शेयर पूँजी
१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने
१९. थप शेयर खरिद गर्न सक्ने
२०. शेयर फिर्ता वा हस्तान्तरण
२१. प्रवेश शुल्क
२२. कृत्रिम छेकबार नलगाइने
२३. शेयर प्रमाण– पत्र

२४. सदस्यको दायित्व सीमित हुने
२५. प्रारम्भिक साधारण सभा
२६. वार्षिक साधारण सभा
२७. विशेष साधारण सभा
२८. साधारण सभाको बैठक
२९. साधारण सभाको काम, कर्तव्य र अधिकार
३०. साधारण सभाको निर्णय अनिवार्य हुने
३१. गाउँ/टोल/उपक्षेत्रीय बैठक
३२. गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू
३३. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्य व्यवस्था
३४. सञ्चालक समिति
३५. समितिको काम, कर्तव्य र अधिकार
३६. समितिको बैठक
३७. लेखा सुपरिवेक्षण समिति
३८. उत्तरदायित्व शृङ्खला
३९. अध्यक्षको काम, कर्तव्य र अधिकार
४०. व्यवस्थापकको नियुक्ति
४१. व्यवस्थापकको काम, कर्तव्य र अधिकार
४२. विशेष जिम्मेवारी
४३. कर्मचारीको नियुक्ति तथा सेवाका शर्त
४४. संस्थाको कोष
४५. कोषको सुरक्षा
४६. कोषको उपयोग
४७. जगेडा कोष
४८. संरक्षित पूँजी फिर्ता
४९. लाभांश वितरण नगरिने
५०. जगेडा कोषमा रकम सार्नुपर्ने

५१. बचत सङ्कलन गर्न सक्ने/नसक्ने
५२. बचत सङ्कलनमा सीमा
५३. ऋण दिन सक्ने
५४. ऋण प्रवाहमा सीमा
५५. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
५६. साधारण सभाको स्वीकृति लिनुपर्ने
५७. सदस्य केन्द्रीयता
५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
५९. कर्मचारीसँगको कारोबारमा निर्बन्धन
६०. जोखिम मूल्याङ्कन
६१. कारोबार नगरिने
६२. कारोबारको लेखा
६३. खाताबही
६४. आन्तरिक हिसाब जाँच
६५. वार्षिक हिसाब जाँच
६६. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने
६७. अन्य आधारभूत कागजात
६८. एकीकृत सूचना प्रणालीमा आबद्धता
६९. दर्ता अधिकारीसमक्ष प्रतिवेदन
७०. वित्तीय जानकारी एकाइमा प्रतिवेदन
७१. साधारण सभामा जानकारी गराउनुपर्ने
७२. हकवालाको मनोनयन
७३. हक दाबी वा नामसारी
७४. निर्वाचन
७५. शपथ ग्रहण
७६. एकीकरण वा विभाजन
७७. कार्यान्वयन अधिकारी

७८. मध्यस्थता

७९. समानता र समता

८०. विनियम संशोधन

८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने

८२. व्याख्या गर्ने अधिकार ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने।

अनुसूची-११

(नियम ५८ सँग सम्बन्धित)

**सामाजिक परीक्षणको ढाँचा**

संस्थाको नामः

ठेगानाः

कोषको अवस्था र व्यवस्थापन

| सि नं | विवरण | गत वर्ष | यस वर्ष | कैफियत |
|---|---|---|---|---|
| १ | **शेयर सदस्य संख्या** | | | |
| २ | **जम्मा खर्च** | | | |
| २.१ | अचल सम्पत्ति खरिद | | | |
| २.२ | प्रशासनिक खर्च | | | |
| २.३ | कार्यक्रम खर्च वा व्यवस्थापन खर्च | | | |
| २.४ | विविध खर्च | | | |
| ३ | **जम्मा आम्दानी** | | | |
| ३.१ | ब्याज आम्दानी | | | |
| ३.२ | विभिन्न निकायबाट प्राप्त अनुदान रकम | | | |
| ३.३ | व्यवसायबाट आम्दानी भएको रकम | | | |
| ३.४ | विविध आम्दानी | | | |
| ४ | **खुद आम्दानी** | | | |
| ५ | **जम्मा सम्पत्ति** | | | |
| ५.१ | स्थिर पूँजी जम्मा | | | |
| ५.२ | चालु पूँजी जम्मा | | | |
| ६ | **संस्थाका शेयर रकम** | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | बचत सङ्कलन रकम | | | |
| ८ | जगेडा कोषमा भएको रकम | | | |
| ९ | संरक्षित पूँजी फिर्ता कोष | | | |
| १० | सहकारी प्रवर्द्धन कोष | | | |
| ११ | सहकारी शिक्षा कोष | | | |
| १२ | शेयर लाभांश कोष | | | |
| १३ | कर्मचारी बोनस कोष | | | |
| १४ | सहुलियत कर्जा लगानी कोष | | | |
| १५ | घाटापूर्ति कोष | | | |
| १६ | सामुदायिक विकास कोष | | | |
| १७ | अन्य जोखिम व्यवस्थापन कोष | | | |
| १८ | स्थिरीकरण कोष | | | |
| १९ | अन्य | | | |

**प्रशासनिक व्यवस्थापन :**

| सि.नं. | विवरण | धेरै राम्रो | राम्रो | ठिकै |
|---|---|---|---|---|
| १ | बचत सङ्कलन | | | |
| २ | बचत परिचालन वा ऋण लगानी | ८० प्रतिशत भन्दा बढी | ६० प्रतिशत भन्दा बढी | ६० प्रतिशत भन्दा कम |
| ३ | साधारण सभा | हरेक वर्ष तोकिएको समयमा | हरेक वर्ष | नियमित नभएको |
| ४ | सम्बन्धित निकायमा प्रतिवेदन बुझाउने | हरेक वर्ष तोकिएको समयमा | हरेक वर्ष | नियमित नभएको |
| ५ | लेखापरीक्षण | बेरुजु नै नभएको | बेरुजु समयमा नै | समयमा दाखिला |

| | | | | |
|---|---|---|---|---|
| | | | नियमित गरेको | नभएको |
| ६ | सहभागितामूलक योजना तर्जुमा | | | |
| ७ | सार्वजनिक सुनुवाइ | | | |

**गुणात्मक परीक्षण :**

| सि नं | विवरण | धेरै राम्रो | राम्रो | ठिकै |
|---|---|---|---|---|
| १ | सदस्यहरुलाइ पुराएको सेवाको गुणस्तर | | | |
| २ | कर्मचारी व्यवस्थापन र अनुशासन | | | |
| ३ | साधारण सभाको निर्देशन पालना | | | |
| ४ | लेखा समितिको निर्देशन पालना | | | |
| ५ | अन्य निकायसँगको सम्बन्ध र समन्वय | | | |
| ६ | सदस्यहरुको सीप विकास र आय आर्जनमा सहयोग | | | |
| ७ | अन्य निकायहरुको सेवा पहुँचमा सहयोग | | | |

**आज्ञाले,**
**तेज बहादुर सुबेदी**
**सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय